# मरिण राजपत्र

मरिण गाउँ कार्यपालिकाद्वारा प्रकाशित

खण्ड ६ मरिण, मंसिर २२ गते, २०८० साल संख्या १७

## भाग २

# विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि, २०८०

**प्रस्तावना :** नेपालको संविधानमा मौलिक हकको धारा ३५ को उपधारा ४ ले प्रत्येक नागरिकलाई स्वच्छ खानेपानी तथा सरसफाइमा पहुँचको हक सुनिश्चित गरेको, दिगो विकास लक्ष्य नं. ४ र ६ अन्तर्गत सबै विद्यालयहरूमा सुरक्षित तवरले व्यवस्थित खानेपानी, सरसफाइ र स्वच्छताको प्रावधान हुनुपर्ने गरी सूचकाङ्क तोकिएको र विद्यालय क्षेत्र विकास योजना (वि.सं २०७३-२०८०) ले गुणस्तरीय शिक्षाका लागि स्वास्थ्य तथा पोषण अवयव अन्तर्गत विद्यालयमा स्वच्छ खानेपानी व्यवस्थापन, सरसफाइको सुविधा र स्वच्छ वातावरणको आवश्यकतालाई महत्वपूर्ण पक्षको रूपमा लिएको सन्दर्भमा सबै विद्यालयहरूमा खानेपानी र सरसफाइको सुविधा एवम् स्वच्छ वातावरणको विकास तथा प्रवर्द्धन गर्ने कार्यमा बहुसरोकारवाला निकायहरु बीच कार्यक्रम तर्जुमा, कार्यान्वयन तथा अनुगमनमा एकरुपता कायम गर्न तथा समन्वय, सहकार्य गरी विद्यार्थीको स्वास्थ्य स्थितिमा सुधार ल्याई सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न आवश्यक भएकोले,

आफ्नो क्षेत्र भित्रका सम्पूर्ण नागरिकको शिक्षामा पहुँच तथा प्रत्याभूति दिलाउँदै सबैका लागि शिक्षाको मान्यतालाई आत्मसाथ गर्दै माध्यमिक तहसम्म नि:शूल्क शिक्षा स्थानीय सरकारको दायित्व भएको कुरालाई मनन गर्दै,

संघीय सरकारले तयार गरी कार्यान्वयनमा ल्याएको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी कार्यविधि २०७४ मा आधारित तारे पद्धति सहितको व्यवस्थालाई स्थानीय अवस्था र आवश्यकता अनुरुप परिमार्जन गर्दै,

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ को उपदफा २ बमोजिम मरिण गाउँपालिकाको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधि २०८० तयार गरी लागू गरिएको छ ।

## परिच्छेद १

## सङ्क्षिप्त नाम र परिभाषा

१ सङ्क्षिप्त नाम र प्रारम्भ :

(क) यस कार्यविधिको नाम 'मरिण गाउँपालिकाको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी कार्यविधि २०८०' रहने छ ।

(ख) यो कार्यविधि प्रमाणीकरण भएको एकतीसौं दिन देखि लागू हुनेछ ।

२ परिभाषा:

(क) **विद्यालय खानेपानी**: विद्यालय खानेपानी भन्नाले विद्यालय हाताभित्र नेपाल खानेपानी गुणस्तर मापदण्ड २०७९ अनुसार निरन्तर रुपमा उपलब्ध छात्र, छात्रा, शिक्षक, कर्मचारी लगायतका व्यक्तिहरूको मानव स्वास्थ्यलाई हानी गर्ने भौतिक, जैविक र रासायनिक पदार्थहरू सीमा भित्र रहेको पानी भन्ने बुझ्नु पर्छ ।

(ख) **विद्यालय सरसफाइ** : विद्यालय सरसफाइ भन्नाले छात्र, छात्रा, शिक्षक तथा कर्मचारीहरूको मलमुत्रको सुरक्षित विसर्जनका लागि विद्यालय हातामा बाल, लैंगिक, अपांगतामैत्री लगायत गोपनीय एवम् व्यवस्थित शौचालयको सुविधालाई बुझाउँछ । सरसफाइले फोहरमैला संकलन र फोहोर पानीको सुरक्षित विसर्जन मार्फत स्वच्छता कायम गर्नु समेतलाई बुझाउँछ ।

(ग) **विद्यालय स्वच्छता**: विद्यालय स्वच्छता भन्नाले विद्यालय वातावरण सफा गर्न, रोगको विस्तार रोक्न र विद्यालयमा छात्र तथा छात्राहरू, शिक्षक तथा कर्मचारीहरूलाई बिरामी हुनबाट बच्न

अपनाइने साबुन पानीले हातधुने, महिनावारी स्वच्छता, खाना तथा खाजाको स्वच्छता व्यवस्थापन लगायत सम्पूर्ण व्यवहारहरूलाई जनाउँछ ।

(घ) "**तारा पद्धति**" भन्नाले विद्यालयमा विद्यमान खानेपानी र सरसफाइका सुविधा, स्वच्छता अभ्यासको अवस्था, संस्थागत सुदृढीकरण र दिगोपनासँग सम्बन्धित तोकिएको सूचकहरूको आधारमा विद्यालयले स्वमूल्याङ्कन गरी विद्यालय व्यवस्थापन समितिको सिफारिसमा गाउँपालिकाबाट तोकिएको समितिले प्रमाणीकरण गरे अनुसार एक, दुई वा तीन तारामा वर्गीकरण गरी खानेपानी, सरसफाइ र स्वच्छता प्रवर्द्धनलाई स्तरीकृत गर्दै लैजाने पद्धतिलाई जनाउँछ ।

(ङ) "**बालक्लब**" भन्नाले विद्यालयमा बालबालिकालाई आफैं गरेर सिक्ने क्षमता र सामुहिक भावना विकास गर्न बालबालिकाहरुबीच गठित विभिन्न विषयसँग सम्बन्धित समूहलाई जनाउँछ ।

## परिच्छेद २

## लक्ष्य, उद्धेश्य तथा रणनीति

**२.१ लक्ष्य** : सबै प्रकारका विद्यालयमा दिगो खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन गरी शैक्षिक उपलब्धि बढाउन अनुकूल वातावरणको सिर्जना गर्ने ।

**२.२ उद्धेश्यहरू**:

२.२.१ विद्यालयमा सबै बालबालिकाहरुका लागि अनुकूल हुने गरी खानेपानी, सरसफाइ तथा स्वच्छताका सूचक एवम् मापदण्ड तयार गर्ने,

२.२.२ तयार गरिएको मापदण्ड कार्यान्वयनका लागि विधि, प्रक्रिया र पद्धतिका विषयमा सहजीकरण गर्ने,

२.२.३ विद्यालयमा स्वच्छ खानेपानीको व्यवस्थापन, सरसफाइका सुविधा र स्वच्छ वातावरण तयार गर्नका लागि उपलब्ध स्रोत साधनको उपयोगमा विभिन्न निकायहरुको भूमिका पहिचान एवम् समन्वयका लागि सहजीकरण गर्ने ।

**२.३ रणनीतिहरू**:

२.३.१ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी विषयहरूलाई योजना प्रक्रियामा प्रवाहीकरण गर्ने,

२.३.२ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि गाउँपालिकाले प्रदेश एवम् नेपाल सरकार तथा सम्बन्धित मन्त्रालय, संयुक्त राष्ट्र संघ, गैर सरकारी, निजी क्षेत्र र नागरिक समाजबीच समन्वय, सहकार्य र साझेदारी गर्ने,

२.३.३ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको विषयलाई विद्यालय सुधार योजनामा समावेश गर्ने,

२.३.४ विद्यालय खानेपानी र सरसफाइका सुविधा र स्वच्छता प्रवर्द्धनका लागि निरन्तर स्वमूल्याङ्कन पद्धति विकास गरी अवलम्बन गर्ने,

२.३.५ बालक्लब, विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति र सरोकारवालाहरुको क्षमता विकास गर्ने,

२.३.६ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कायम गर्ने कार्यलाई नियमित सिकाइ क्रियाकलापसँग आवद्ध गर्ने ।

## परिच्छेद ३

## विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका मापदण्ड

३.१ सबै विद्यालयहरु (सार्वजनिक, संस्थागत, मदरसा, मातृभाषा विद्यालय र गुरुकूल समेत) मा खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी निम्न सुविधाहरु उपलब्ध हुनु पर्नेछ :

(क) स्वच्छ पिउने पानी सहित पर्याप्त पानी,

(ख) विद्यार्थी संख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री शौचालय,

(ग) वातावरणीय सरसफाइ, हरियाली वातावरण र स्वच्छता सुविधा,

(घ) विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन,

(ङ) सफा र स्वच्छ खाद्य पदार्थ सहितको भान्सा/ खाजा घर,

(च) विपद् जोखिम व्यवस्थापन,

(छ) प्रवर्द्धन र दिगोपनका लागि संस्थागत व्यवस्था

३.२ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको अवस्थालाई अनुसूची १ अनुसारको मापदण्डहरूको आधारमा तारा पद्धतिबाट उत्कृष्ट, मध्यम र सुधारोन्मुख गरी तीन स्तर

निर्धारण गरिने छ । साथै उत्कृष्ट विद्यालयका लागि तीन तारा, मध्यम अवस्थाका लागि दुई तारा र आधारभूत अवस्थाका लागि एक तारा प्रदान गरिने छ । आधारभूत अवस्था पूरा नगरेका विद्यालयलाई कुनै पनि तारा प्रदान गरिने छैन र ती विद्यालयले सोही आर्थिक वर्षभित्र कम्तिमा एक तारा प्राप्त गर्नेगरी योजना तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने छ ।

३.३ विद्यालयले अनुसूची १ अनुसार कायम भएको स्तर सूचक तारा सबैले देख्न सक्ने गरी प्रदर्शन गर्ने व्यवस्था मिलाउनु पर्नेछ । सो कार्यलाई थप सहयोग गर्नका लागि अनुसूची ४ बमोजिमको सात झण्डे अवधारणा अनुसार विद्यालय सरसफाइ तथा स्वच्छताका सूचकको अवस्था अनुसार झण्डाको उचाइ समेत मिलाएर राख्न सकिन्छ ।

३.४ स्तर सूचक तारा प्राप्त गर्न स्वमूल्याङ्कन विधि अपनाइने छ ।

## परिच्छेद ४

## विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति सम्बन्धी व्यवस्था

**४.१ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति:** विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी योजना तर्जुमा, सञ्चालन, रेखदेख, समन्वय र व्यवस्थापनमा सहयोग गर्नका लागि प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको मातहतमा रहने गरी देहायका सदस्य रहेको एक विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति रहनेछ :

(क) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष वा समितिले तोकेको सो समितिको सदस्य - संयोजक

(ख) विद्यालयका प्रधानाध्यापक : सहसंयोजक

(ग) शिक्षक अभिभावक सङ्घले आफू मध्येबाट छानी पठाएको एक जना महिला - सदस्य

(घ) विद्यालय व्यवस्थापन समितिका एक महिला सदस्य : सदस्य

(ङ) विद्यालय नर्स वा सो नभएको हकमा विद्यालय सेवा क्षेत्रभित्र रहेको स्वास्थ्य सेवा प्रदायक संस्थाको प्रतिनिधि एकजना - सदस्य

(च) बाल क्लबका पदाधिकारी र महिनावारी स्वच्छता सरोकार समूहले आफू मध्येबाट छानी पठाएको एकजना छात्रासहित दुईजना - सदस्य

(छ) सम्बन्धित वडा समितिबाट प्रतिनिधि एक जना - सदस्य

(ज) विद्यालयका जेण्डर फोकल शिक्षक - सदस्य

(झ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्पर्क शिक्षक एकजना - सदस्य सचिव

**४.२ बैठक सम्वन्धी कार्यविधि :**

(क) समितिको बैठक सामान्यत: दुई महिनामा एक पटक बस्नुपर्नेछ,

(ख) बैठकमा छलफल गरिने मूल विषय सदस्यहरुलाई आमन्त्रण गर्दा नै जानकारी गराउनु पर्नेछ,

(ग) समितिको संयोजकको अनुपस्थितिमा सहसंयोजकको अध्यक्षतामा बैठक सञ्चालन हुनेछ,

(घ) बैठक सञ्चालन गर्न कम्तिमा पचास प्रतिशत सदस्यहरु उपस्थित हुनु पर्नेछ,

(ङ) खानेपानी, सरसफाइ, स्वच्छता, स्वास्थ्य तथा पोषण सम्बद्ध व्यक्ति तथा संस्थालाई बैठकमा आमन्त्रण गर्न सकिनेछ,

(च) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गर्न सक्नेछ ।

**४.३ समितिको काम, कर्तव्य र अधिकार**

४.३.१ विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूको सुनिश्चितताका लागि विद्यार्थीहरु ( बाल क्लब/टिन्ज क्लब/महिनावारी स्वच्छता व्यवस्थापन सरोकार समूह वा विद्यालयभित्र रहेका अन्य क्लबहरु समेत) को अगुवाइ र सहभागितामा योजना तर्जुमा र कार्यान्वयन गर्ने,

४.३.२ विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि सरोकारवालासँग समन्वय र सहकार्य गर्ने,

४.३.३ विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरू समावेश गराई स्वच्छताको अभ्यास गराउने वातावरण तयार गर्ने,

४.३.४ विद्यालयलाई मापदण्डको आधारमा उत्कृष्ट अवस्थामा पुऱ्याउनका लागि आवश्यक स्रोतहरूको खोजी र व्यवस्थापन गर्ने,

४.३.५ विद्यालयका खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूको मर्मत, सम्भार, रेखदेख र अनुगमन गर्ने,

४.३.६ शैक्षिक सत्रको थालनीमा र त्यसपछि कम्तिमा पनि द्वैमासिक रुपमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताको स्वअनुगमन फाराम भरी विद्यालय व्यवस्थापन समितिलाई उपलब्ध गराउने,

४.३.७ विद्यालयलाई तीन तारायुक्त बनाउन र निरन्तरता दिनका लागि विद्यालय व्यवस्थापन समिति, शिक्षकहरू र बालक्लबसँग समन्वय गरी अन्य आवश्यक क्रियाकलापहरू गर्ने,

४.३.८ विद्यालय स्तरीय, खानेपानी, सरसफाइ तथा स्वच्छता समीक्षा तथा योजना तर्जुमा गोष्ठी आयोजना गरी वर्षभरीमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनमा उत्कृष्ट कार्य गर्ने अभिभावक, शिक्षक, कर्मचारी एवम् विद्यार्थीहरुलाई पुरस्कृत गर्ने ।

## परिच्छेद ५

## स्वमूल्याङ्कन, वर्गीकरण र प्रमाणीकरण

**५.१ विद्यालय स्वमूल्याङ्कन, वर्गीकरण र प्रमाणीकरण प्रकिया:**

५.१.१ अनुसूची २ मा उल्लिखित सूचकहरूको आधारमा परिच्छेद ४ अनुसार गठित विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले शैक्षिक सत्र सुरु भएको दुई महिनाभित्र स्वमूल्याङ्कन गर्नुपर्नेछ ।

५.१.२ समितिले आफ्नो रायसहित स्वमूल्याङ्कन फाराम विद्यालय व्यवस्थापन समितिमा पेस गर्नुपर्नेछ ।

५.१.३ विद्यालय व्यवस्थापन समितिले आफ्नो रायसहित स्वमूल्याङ्कन फाराम प्रमाणीकरणका लागि मरिण गाउँपालिकाको शिक्षा शाखामार्फत सामाजिक विकास समितिमा पेश गर्नु पर्नेछ ।

५.१.४ गाउँपालिकाको सामाजिक विकास समितिले विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतामा प्राविधिक सहितको स्थलगत अनुगमनको सिफारिसमा तारा निर्धारण गर्नेछ ।

५.१.५ लगातार दुई पटकको वार्षिक समीक्षामा कुनै विद्यालयले तीन ताराको अवस्थालाई कायम राख्न सफल भएमा गाउँपालिकाले त्यस्ता विद्यालय तथा यस कार्यमा योगदान गर्ने संस्था/व्यक्तिलाई प्रोत्साहन स्वरुप पुरस्कार प्रदान गर्न सक्नेछ ।

## परिच्छेद ६

## क्षमता विकास तथा मर्मत सम्भार कोष परिचालन

**६.१ क्षमता विकासका क्रियाकलाप :** विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि विभिन्न तहमा क्षमता विकासका देहाय बमोजिमका क्रियाकलापहरू सञ्चालन हुनेछन् :

६.१.१ सङ्घीय तहको समन्वयमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि नीतिगत विषयमा गोष्ठी तथा सेमिनारहरू आयोजना गरिनेछ,

६.१.२ प्रदेश तहको समन्वयमा सरकारी तथा गैर सरकारी निकाय र सरोकारवालालाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी सिकाइ आदानप्रदान, योजना तर्जुमा तथा समन्वय गोष्ठी तथा सम्मेलनहरूको आयोजना गरिनेछ,

६.१.३ गाउँपालिकाले सरकारी तथा गैरसरकारी निकाय, गाउँपालिकास्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति, शिक्षक, अभिभावक संघ, बालक्लब, महिनावारी स्वच्छता व्यवस्थापन सरोकार समूह समेतलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी अभिमुखीकरण गोष्ठी सञ्चालन गरिनेछ,

६.१.४ अन्तर विद्यालयको समन्वयमा शैक्षिक भ्रमणको आयोजना गरी एक अर्को विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका सफल सिकाइको अवलम्वन गरिनेछ,

६.१.५ विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छताका आधारहरु र सूचकहरुलाई लक्षित गरी विद्यालयस्तरीय निवन्ध, वक्तृत्वकला, कविता, हाजिरी जवाफ, नाटकजस्ता प्रतियोगितात्मक कार्यक्रमहरुको आयोजना गरिनेछ ।

**६.२ मर्मत सम्भार कोष परिचालन**

६.२.१ विद्यालय खानेपानी, सरसफाइ लगायतका सुविधाहरुको मर्मत सम्भार एवम् स्तर वृद्धि गर्न विद्यालयले निम्न स्रोतहरूबाट छुट्टै मर्मत सम्भार कोषको व्यवस्था गर्न सक्नेछ :

(क) सङ्घ, प्रदेश तथा स्थानीय तहबाट प्राप्त रकम,

(ख) विकास साझेदारहरू लगायत अन्य सरोकारवाला संघ संस्थाबाट नियमानुसार प्राप्त सहयोग ( सरसफाइ कोष, जोड कोष, विपद् व्यवस्थापन कोष, कार्यक्रम सञ्चालन कोष आदि)

(ग) अन्य व्यक्ति वा निकायहरूबाट प्राप्त दानदातब्य, पुरस्कार,

(घ) विद्यालय स्वयंले आयआर्जन, सङ्कलन तथा विनियोजन गरेको रकम ।

६.२.२ विद्यालयल मर्मत सम्भार कोषबाट देहाय बमोजिमका कार्यहरु गर्न सक्नेछ :

(क) विद्यालय खानेपानी तथा सरसफाइका सुविधाहरूको मर्मत सम्भार,

(ख) सरसफाइ सामाग्रीहरू (ब्रस, साबुन, हार्पिक वा फिनेल आदि) व्यवस्थापन,

(ग) मर्मत सम्भारका लागि आवश्यक पर्ने औजार तथा सामग्रीहरूको व्यवस्था लगायत अन्य आवश्यक कार्यहरु,

(घ)सूचकहरुको आधारमा स्तरोन्नतिसँग सम्बन्धित कार्यहरु गर्न,

## परिच्छेद ७

## विभिन्न निकायहरूको भूमिका

७. सबै विद्यालयहरूमा खानेपानी र सरसफाइको सुविधा एवम् स्वच्छता प्रवर्द्धनमा एकरूपता ल्याई बालबालिकाहरूको विद्यालयमा उपस्थित हुने दरमा वृद्धि गरी सिकाइ उपलब्धि तथा शैक्षिक गुणस्तरमा सुधार गर्न संघीय सरकारले तयार गरेको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यविधिले निर्धारण गरे बमोजिम संघीय तथा प्रदेश संरचनाको भूमिका एवम् दायित्व रहने छ । यस कार्यविधिले गाउँपालिकाभित्र रहेका विभिन्न सरोकारवालाको भूमिकामात्र निर्दिष्ट गरेको छ ।

**७.१ गाउFपालिका स्तरीय सामाजिक विकास समिति:** मरिण गाउँपालिकामा स्थानीय सरकार सञ्चालन ऐन २०७४ बमोजिम गठन भएको गाउँपालिकास्तरीय सामाजिक विकास समिति अन्तर्गत स्थानीय खानेपानी, सरसफाइ तथा स्वच्छता ऐनमा निर्दिष्ट भए बमोजिम गाउँपालिका स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन गरी गाउँपालिका क्षेत्रभित्र सञ्चालन हुने विद्यालयहरुमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका क्रियाकलापहरूको व्यवस्थापन, रेखदेख, अनुगमन तथा मूल्याङकन गर्नेछ :

(क) खानेपानी, सरसफाइ तथा स्वच्छता सम्वन्धी रणनीतिक योजना तयारी तथा बजेटको व्यवस्थापन गर्ने,

(ख) सूचना, शिक्षा, सञ्चारसँग सम्बन्धित श्रव्य दृष्य सामग्रीहरुको विकास तथा वितरणमा सहयोग गर्ने,

(ग) सरोकारवालाहरुको क्षमता विकासमा सहयोग गर्ने,

(घ) गाउँपालिकालाई सफा र स्वच्छ क्षेत्र घोषणा गर्नुभन्दा पहिला सबै विद्यालयहरूमा खानेपानी सरसफाइ तथा स्वच्छताको सुविधा भई प्रयोग भएको अवस्थाको सुनिश्चितता गर्ने,

(ङ) विद्यालयहरुको स्वमूल्याङ्कन उपर उपसमिति गठन गरी स्वअनुगमन गरी तारा विधिबाट विद्यालयको खानेपानी र सरसफाइ स्तर प्रमाणीकरण गर्ने,

(च) मापदण्ड पूरा नभएका विद्यालयहरुको स्तर वृद्धिका लागि आवश्यक बजेट व्यवस्थापन गर्ने सार्वजनिक विद्यालयको हकमा गाउँ कार्यपालिका समक्ष सिफारिस गर्ने, र संस्थागत विद्यालयको हकमा विद्यालय व्यवस्थापन समिति वा विद्यालय व्यवस्थापन परिवारलाई जानकारी गराई विद्यालयको खानेपानी, सरसफाइ तथा स्वच्छता सुधार योजना अनुसार भए नभएको अनुगमन गर्ने

(छ) विद्यालयमा शैक्षिक पक्षका साथै विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता, स्वास्थ्य, खाद्य स्वच्छता सहित सुरक्षित विद्यालय सम्बन्धी सेवा विस्तारका लागि योजनवद्ध सहयोग गर्ने ।

**७.२ विद्यालय व्यवस्थापन समिति:** प्रत्येक विद्यालयमा शिक्षा ऐनमा उल्लेख भए बमोजिम गठन भएको विद्यालय व्यवस्थापन समितिले विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताका निम्न क्रियाकलापहरू सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नेछ :

(क) योजना निर्माण, समन्वय, अनुगमन तथा सुपरिवेक्षण गर्ने,

(ख) सकेसम्म स्थानीय सामग्रीको प्रयोग गरी विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताका सुविधाहरू सुनिश्चित गर्ने,

(ग) कोष सङ्कलन तथा परिचालन गर्ने,

(घ) परिच्छेद ४ अनुसार गठित समितिले पेश गरेको स्वमूल्याङकन फाराम समीक्षा गरी प्रमाणीकरणका लागि गाउँपालिकामा पेश गर्ने,

(ङ) गाउँपालिकाले सिफारिस गरेको स्वमूल्याङकनमा आवश्यकता अनुसार पुनरावलोकनका लागि सोही समितिमा पठाउने व्यवस्था गर्ने ।

**७.३ प्रधानाध्यापक**

(क)विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा, समन्वय, सञ्चार र कार्यान्वयन गर्न विद्यालय व्यवस्थापन समिति र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिबीच समन्वय गर्ने,

(ख) समितिले तयार गरेको योजना तथा प्रस्तावित कार्यक्रमलाई विद्यालयस्तरीय सुधार योजनामा समावेश गर्ने,

(ग) खानेपानी, सरसफाइ र स्वच्छतामा तीन ताराको अवस्था हासिल गरी यसलाई कायम राख्न आवश्यक व्यवस्था गर्ने,

(घ) सम्पर्क शिक्षक वा स्वास्थ्य कार्यकर्ता तथा अन्य शिक्षकहरुलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी हरेक क्रियाकलापहरुमा सहभागिताको सुनिश्चितता गर्ने

(घ) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धन सम्बन्धी अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्ने,

(ङ) कार्यरत शिक्षकमध्ये उपलब्ध भएसम्म एक जना महिला शिक्षक वा स्वास्थ्य तथा सरसफाइ विषय अध्याापन गर्ने विषय शिक्षकलाई विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सम्पर्क शिक्षक तोक्ने,

(च) विद्यालयले विषयसँग सम्बन्धित नियमित शिक्षण सिकाइ गर्दा खानेपानी, सरसफाइ र स्वच्छता सम्बन्धी विषय समावेश गरी पठनपाठन गराउने व्यवस्था मिलाउने ।

**७.४ अभिभावक :**

(क) विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छताका सुविधाहरू निर्माण, मर्मत सम्भार तथा स्तरोन्नति गर्न सहयोग तथा आवश्यकता अनुसार श्रमदान गर्ने,

(ख) विद्यालयमा सुरक्षित र नियमित खानेपानी आपूर्तिको व्यवस्था मिलाउन सम्बन्धित खानेपानी तथा सरसफाइ उपभोक्ता समितिसँग समन्वय गरी आवश्यक सहयोग पुऱ्याउने,

(ग) आ-आफ्ना बालबालिकाहरूलाई जीवन पद्धतिकै रूपमा स्वच्छकर आनीबानी अपनाउन उत्प्रेरित गर्ने,

(घ) समय समयमा विद्यालयमा आई खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरुको अनुगमन गरी बाल क्लब, सम्पर्क शिक्षक र प्रधानाध्यापकलाई पृष्ठपोषण दिने,

(ङ) विद्यालयमा स्वास्थ्य तथा पोषणको उचित व्यवस्थापन गर्न विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समनवय समिति र विद्यालय परिवारलाई सहयोग गर्ने ।

**७.५ बाल क्लव (ठिन्ज क्लब, इको क्लबहरु, जुनियर रेडक्रस सर्कल, महिनावारी स्वच्छता व्यवस्थापन सरोकार समूह समेत)**

(क) विद्यालयमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयनमा सहयोग गर्ने,

(ख) उपयुक्त स्वच्छकर आनीबानी अपनाउने र सहपाठीहरुलाई समेत अपनाउन उत्प्रेरित गर्ने,

(ग) सफलताका कथाहरू, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनसम्बन्धी श्रव्य दृष्य सामग्रीहरु, अध्ययन सामग्री एवम् सन्दर्भ सामग्रीहरुको सङ्कलन र प्रदर्शन गर्ने,

(घ) घर परिवार, अभिभावक, सहपाठीहरू र समुदायलाई सुरक्षित पानी पिउन, शौचालयको स्वस्थकर प्रयोग, साबुन पानीले हातधुने बानी बसाल्ने, महिनावारी स्वच्छता व्यवस्थापन लगायत विद्यालय परिसर सफा र हरियाली कायम गर्न उत्प्रेरित गर्ने ।

(ङ) सांस्कृतिक तथा अन्य कार्यक्रमहरुको आयोजना गरी मर्मत सम्भार कोष वृद्धि गर्ने ।

(च) मापदण्ड र सूचक अनुसार आफ्नो उपलब्धिमा सुधार गर्न सहयोगी निकायको पहिचान गरी सहयोगको लागि समन्वय समिति मार्फत पहल गर्ने,

(छ) घरायसी सरसफाइ सुधार र जीवन उपयोगी सीप प्रवर्द्धनका लागि एक विद्यार्थी अर्को विद्यार्थीको घरमा समूह बनाई अवलोकन भ्रमण गर्ने ।

**७.६.विद्यार्थीहरु**

(क) सफा सुग्घर भई औपचारिक पोशाकमा विद्यालय आउने,

(ख) विद्यालयले तोकेको पालो अनुसार कक्षा कोठा, परिसर, धारा र शौचालय सरसफाइको प्रवन्ध गर्ने,

(ग) काम सकेपछि पानीका धारा बन्द गर्ने,

(घ) शौचालय प्रयोग गरेपछि पानी खन्याई सफा गर्ने,

(ङ) विद्यालयले आयोजना गर्ने खानेपानी, सरसफाइ तथा स्वच्छतासम्बन्धी अतिरिक्त क्रियाकलापमा सहभागी हुने ।

**७.७ विकास साझेदार एवम् सहजीकरण गर्ने निकायहरुः**

(क) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने,

(ख) विपद्को समयमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका लागि मानवीय सहयोग उपलब्ध गराउने,

(ग) क्षमता विकास तथा अनुसन्धानका लागि सहयोग उपलब्ध गराउने,

(घ) जानकारीमूलक, जागरणमूलक एवम् व्यवहार परिवर्तनका लागि सामग्रीहरूको विकास र वितरणमा सहयोग गर्ने,

(ङ) राम्रा अभ्यासहरुको उपयुक्त ढाँचामा दस्तावेजीकरण गर्ने,

(च) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका कार्यहरूमा सचेतना र सहभागिता अभिवृद्धि गर्ने,

(छ) सरसफाइ नमूना विद्यालयका लागि सहजीकरण गर्ने,

(ज) खानेपानी, सरसफाइ, स्वच्छता र वातावरण प्रवर्द्धन सम्बन्धी विभिन्न स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवसहरुमा विद्यालय केन्द्रित क्रियाकलाप तथा अभियान सञ्चालन गर्ने ।

**७.८ स्वास्थ्य, शिक्षा तथा खानेपानी, सरसफाइ सम्बन्धी निकाय :**

(क)विद्यालय सेवा क्षेत्रलाई सुरक्षित खानेपानीयुक्त समुदायको रुपमा विकास गर्न खानेपानी सुरक्षा योजना लागू गरी विद्यालयमा सुरक्षित पानी उपलब्ध भएको सुनिश्चित गर्ने,

(ख) खानेपानी, सरसफाइ तथा स्वच्छताका सुविधाहरूका लागि आवश्यक प्राविधिक सुझाव सल्लाह प्रदान गर्ने,

(ग) सरसफाइ तथा स्वच्छताको कमीले हुने रोगहरु तथा पानीजन्य रोगहरुको अभिलेख राखी विद्यालयलाई सो सम्बन्धमा जानकारी गराउने ।

(घ) गाउँपालिकाभित्र खानेपानी सुरक्षा योजना तथा सरसफाइ सुरक्षा योजना लागू गरी कार्यान्वयन गर्न प्राविधिक एवम् प्रक्रियागत सहयोग उपलब्ध गराउने ।

## परिच्छेद ८

## विविध

**८.१ प्रमाणिकरण गर्ने प्रक्रिया :**

(क) विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समितिले शैक्षिक सत्र सुरु भएको एक महिनाभित्र अनुसूची १ अनुसारको सूचकहरुको आधारमा अनुसूची २ अनुसार स्वमूल्याङ्कन गरी एक, दुई र तीन ताराका सूचकहरु पूरा गरेपछि विद्यालय व्यवस्थापन समितिसमक्ष पेश गर्नु पर्नेछ ।

(ख) प्राप्त प्रतिवेदन विद्यालय व्यवस्थापन समितिले एक महिनाभित्र प्रमाणीकरणका लागि गाउँपालिकाको सामाजिक विकास समितिमा पेश गर्नुपर्नेछ ।

(ग) गाउँपालिकाको सामाजिक विकास समिति वा सोको अधीनमा रहेको विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय गर्ने उपसमिति मार्फत् अनुगमन, मूल्याङ्कन गरी तारा निर्धारणको प्रमाणीकरण गरी विद्यालयलाई जानकारी दिनु पर्नेछ ।

(घ) सामाजिक विकास समितिले प्रमाणीकरण प्रतिवेदन सुझाव सहित कार्यपालिकामा पेश गर्नु पर्नेछ ।

(ङ) सामाजिक विकास समितिले पेश गरेको सुझाव सहितको प्रमाणीकरण प्रतिवेदन गाउँ कार्यपालिकाको बैठकबाट पारित भएमा विद्यालयलाई तारा प्रदान गरिने छ ।

**८.२ योजनामा समावेश गर्ने :** सम्बन्धित विद्यालयहरुले विद्यालय सुधार योजनामा र नमूना विद्यालय विकासका लागि छनोट भएका विद्यालयले गुरुयोजना निर्माण एवम् परिष्कृत गर्दा शैक्षिक पक्षका साथै विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता एवम् स्वास्थ्य र खाद्य स्वच्छता सहित सुरक्षित विद्यालय सम्बन्धी विषय समेत समावेश गर्नुपर्नेछ ।

**८.३ एकीकृत सेवा प्रवाहको व्यवस्था :**

विद्यालयको शैक्षिक, आर्थिक, सामाजिक, वातावरणीय तथा भौतिक र मानवीय पक्षमा सुधार एवम् सो सम्बन्धी सेवा प्रवाह सबलीकरण कार्यमा एकीकृत र सहभागितात्मक विधि अपनाउनु पर्नेछ ।

**८.४ नमूना विद्यालयहरुको लागि विशेष सर्त :**नमूना विद्यालय विकासका लागि छनोट भई अनुदान प्राप्त गरेका सबै सामुदायिक विद्यालयहरुले आगामी तीन वर्ष भित्रमा विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाका सूचकहरुमा तीन तारा प्राप्त गरिसक्नु पर्नेछ ।

मरिण गाउँपालिका

## अनुसूची १ :

## विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छताका मापदण्ड

| क्र.सं. | सूचकहरू | विद्यालयले तारा प्राप्त गर्ने मापदण्ड | | |
|---|---|---|---|---|
| | | एक तारा | दुई तारा | तीन तारा |
| १. | **खानेपानी** | पिउन, हात धुन र सरसफाइ गर्नका लागि सुधारिएको श्रोतबाट सबैलाई सुलभ रुपमा पानीको उपलब्धता भएको | विद्यालयमा पिउनका लागि शुद्धीकरण गरिएको पानीको व्यवस्था भएको, साथै वर्षमा कम्तिमा दुई पटक पानीको गुणस्तर परीक्षण गरी सुधार गरिएको | सबै बालबालिकाको पहुँच सहितको पिउन र सरसफाइका लागि सुरक्षित र पर्याप्त पानीको उपलब्धता (प्रतिव्यक्ति दैनिक १२ लि) भएको । |
| २. | **शौचालय** | छात्र तथा छात्राहरुका लागि चुकुल सहितका र अलग अलग सुधारिएका तथा सुचारु शौचालय, पालो पर्खिनु नपर्ने संख्यामा भएको | बाल, लैंगिक, अपांगता र वातावरणमैत्री यूरिनल र पानी सहितको धारा भएको सुधारिएको तथा सुचारु शौचालयको व्यवस्था भएको | • सुरक्षित स्थानमा बाल, लैंगिक, अपांगता र वातावरणमैत्री, बढीमा २५ छात्रा र ५० छात्रा बराबर एकको अनुपातमा, पर्याप्त पानी सहितको सुधारिएको तथा सुचारु शौचालय<br>• १:४ अनुपातमा शौचालय र मुत्रालय (यूरिनल) सुविधा, दिसा पिसावको सुरक्षित निकासको व्यवस्था मिलाइएको |
| ३. | **सफा, स्वच्छ र हरियाली वातावरण** | कक्षा कोठा र विद्यालय परिसरको नियमित सरसफाइ गरी ठोस फोहरलाई टोकरीमा संकलन गरी समय समयमा विसर्जन गर्ने गरिएको, साथै विद्यालय सेवा क्षेत्रमा खुला दिसामुक्त अवस्था कायम रहेको | • ठोस फोहरहरुलाई सिसा, धातुजन्य रसायनयुक्त नकुहिने र कुहिने गरी अलग अलग टोकरीमा संकलन गरी कम्तिमा हप्तामा एक पटक विसर्जन गर्ने गरिएको<br>• परिसरभित्र बगैचाको व्यवस्थापन गरिएको | • सामग्रीहरुको प्रयोग घटनाउने, पुन:प्रयोग गर्ने र पुन:चक्रण (Recycle) को पद्धति लागू गरी सबै किसिमको फोहरको उचित व्यवस्थापन गरिएको<br>• विद्यालयभित्र उपयुक्त खाली जमिनमा वृक्षारोपण गरिएको र करेसाबारीको विकास गरिएको |
| ४. | **खानाको स्वच्छता** | विद्यालयमा विद्यार्थीले खाने दिवा खाजा सफा, स्वच्छ र ताजा भएको | • विद्यालयमा व्यवस्थित र सुरक्षित तवरले दिवा खाजा तयार गर्न भाँडावर्तन, अन्य सामग्रीहरु र भान्छा घरको सुविधा भएको | • दक्ष व्यक्तिमार्फत दिवा खाजा तयार गर्ने व्यवस्था भएको<br>• तयार भएको खाजा उपयुक्त तापक्रममा सुरक्षित भण्डारण गर्ने व्यवस्था |

| | | | | |
|---|---|---|---|---|
| | | | • पकाएको र नपकाएको खाद्य सामग्री छुट्टाछुट्टै राख्ने व्यवस्था भएको | भएको |
| ५. | **स्वच्छता सुविधा** | हात धुने सामग्री (पानी र साबुन वा हात धुने जेल) सहित हातको स्वच्छता कायम राख्ने व्यवस्था भएको | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा सहित साबुन वा हात धुने जेल र पानीको नियमित व्यवस्था भएको | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा (बढीमा ५० विद्यार्थी बराबर एक धारा वा हात धुने स्टेशन) मा सबैको सहज पहुँच सहित प्रयोग भई नाली वा सोकपिट, बगैचा अथवा करेसाबारीमा पानीको निकासको व्यवस्था भएको |
| ६. | **स्वच्छता शिक्षा** | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन अध्यापन भैरहेको, पाँच कक्षादेखि महिनावारी स्वच्छता व्यवस्थापन पठनपाठन गर्ने गरिएको | विद्यार्थीहरुको व्यवहारिक र जीवनउपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुने गरेको | स्वास्थ्य तथा वातावरण विषयमा विद्यार्थीहरुको व्यक्तिगत सरसफाइ र स्वच्छता व्यवहार ( समूहमा हात धुने, व्यक्तिगत सरसफाइ र शौचालयको सरसफाइ गर्ने) का आधारमा अंक दिने पद्धतिको अवलम्वन गरिएको |
| ७. | **महिनावारी स्वच्छता व्यवस्थापन सुविधा** | महिनावारी सामग्री व्यवस्थापनका लागि छात्रा शौचालयहरुमा ढकन सहितको टोकरी वा व्यवस्थित भाँडो (Waste Bin) राखिएको | आकस्मिक अवस्थाका लागि सहज रुपमा महिनावारी व्यवस्थापन सामग्रीको उपलब्धता र प्रयोग गरिएका सेनिटरी प्याड लगायतका सामग्रीहरुको सुरक्षित रुपमा संकलन, व्यवस्थापन र विसर्जन (Burial or Burning) गर्ने गरिएको | छात्राहरुले पुन: प्रयोग गर्ने महिनावारी व्यवस्थापनका सामग्री तयार वा प्रयोग गर्ने सीप सिकी वा स्वस्थकर महिनावारी सामग्री प्रयोगमा ल्याएका र महिनावारी स्वच्छता सुविधाहरु सञ्चालनमा रहेको |
| ८. | **संस्थागत व्यवस्था र दिगोपन** | बाल क्लब, महिनावारी स्वच्छता व्यवस्थापन सरोकार समूह र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको | • विद्यालयमा क्लब र समिति गठन भई क्रियाशील रहेको<br>• विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समावेश भई कार्यान्वयनमा ल्याइएको | • विद्यालयमा क्लब र समितिहरु क्रियाशील रहेको<br>• विद्यालयमा सरसफाइ योजना कार्यान्वयनमा रहेको, विद्यालय सुधार योजनामा पूर्ण सरसफाइ समावेश भै कार्यन्वयनमा रहेको<br>• नियमित मर्मतसम्भारका लागि मर्मतसम्भार कोष, सीप र औजारहरुको व्यवस्था भएको<br>• नियमित रुपमा तालिका अनुसार शौचालय, पानी |

| | | | | |
|---|---|---|---|---|
| | | | | ट्यांकी वा प्रणाली, फिल्टर र हात धुने ठाउँको सरसफाइ गर्ने गरिएको |
| ९. | **विपद् जोखिम व्यवस्थापन** | शिक्षक तथा विद्यार्थीहरुलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धमा क्षमता विकास गरिएका (कम्तिमा एक दिनको अभिमुखीकरण भएको) | • खानेपानी, सरसफाइ तथा स्वच्छता समेतको विपद् पूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको<br>• जोखिम नक्सांकन तयार गरी सबैले देख्ने स्थानमा टाँगिएको | • खानेपानी, सरसफाइ तथा स्वच्छताका संरचनाहरु नेपाल सरकारको स्वीकृत मापदण्ड (विपद् जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको<br>• आकस्मिक अवस्थामा खोज तथा उद्धार गर्ने टोली गठन गरी सीप सिकाइएको |
| १०. | **अनुगमन तथा जवाफदेहिता** | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक वा स्वास्थ्य कार्यकर्ता वा विद्यालय नर्सको व्यवस्था भएको | खनेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको गिाउँनीमा दैनिक रुपमा शौचालयको सफाइ र साबुन पानीले हात धुने गरिएको | • विद्यालयमा पर्याप्त पाठ्य र श्रव्य दृष्य सामग्रीसहितको खानेपानी, सरसफाइ तथा स्वच्छता कर्नर (WASH Resource Corner) सञ्चालनमा रहेको, कम्तिमा पनि वर्षको तीन पटक सबै सूचकको स्वअनुगमन गरी विवरण स्वच्छता कर्नरमा अद्यावधिक गर्ने गरिएको |

अनुगमन गरी तारा तोक्दा कुनै एक तहका सबै सूचक पूरा गरेपश्चात्मात्र तारा दिन सकिने छ । उदाहरणका लागि, दशवटै सूचकमा एक तारा बराबरको स्तर हासिल गरिसकेपछिमात्र एक तारा तोक्न सकिने छ । यसैगरी, दुई ताराका सबै सूचक पूरा गरेको छ, तर केही सूचक तीन ताराको समेत पूरा गरेको छ भने पनि त्यस विद्यालयले दुई तारामात्र प्राप्त गर्न सक्छ ।

तारा प्राप्त गर्नका लागि त्यसका पूरा सूचक पूरा गरेको हुनुपर्छ । एक ताराको कुनै एक सूचक पूरा भएको छैन, तर दुई ताराका ९ वटा सूचक पूरा भएको छ भने पनि त्यसले कुनै पनि तारा पाउँदैन । तीन तारा पाउनका लागि सबै सूचकमा एक तारा र दुई ताराको स्तर हासिल गरिसकेको हुनुपर्छ ।

सुधारिएको पानीको श्रोत भन्नाले पाइपबाट प्राप्त पानी, बोरिङ वा ट्युबवेल, संरक्षित इनार, मुहानबाट प्राप्त वा प्याकेजिङ गरिएको वा वितरण गरिएको पानी भन्ने बुझिन्छ ।

सुधारिएको शौचालय भन्नाले राष्ट्रिय सरसफाइ गुरुयोजना २०६८ र संयक्त राष्ट्रसंघीय संयुक्त अनुगमन कार्यक्रम (Joint Monitoring Program-JMP) ले निर्धारण गरे अनुसार कम्तिमा पनि वाटरसिल प्यान भएको, प्यानको सतह ढलान गरिएको, दिसाजम्मा हुने अफसाइट (Off-site) खाडल भएको र खाडल सुरक्षित भएको (खाडलमा सुख्खा ढुंगा वा इटा लगाइएको वा सेप्टिक टंकी भएको वा बायोग्यास जडान भएको या मलचर्पीको प्रणाली भएको वा प्रशोधन प्रणालीमा जडान गरिएको) शौचालय भन्ने बुझिन्छ ।

## अनुसूची २ :

## विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता स्वमूल्यांकन फाराम

विद्यालयको नाम : ........................................................ विद्यालय कोड नं. : .................. मिति : ............................

प्रदेश : .................................. जिल्ला : ................................... स्थानीय तह : ................................ वडा नं. ......

| क्र.सं. | सूचकहरू | विद्यालयले तारा प्राप्त गर्ने मापदण्ड (निम्न लिखित एक तारा, दुई तारा वा तीन ताराको अवस्था मापन गर्दा प्रत्येक ताराको अवस्था जस्तो छ (न्यून १, मध्यम २ र उत्तम ३), सोही अनुसार अंक लेख्ने । | | |
|---|---|---|---|---|
| | | **एक तारा** | **दुई तारा** | **तीन तारा** |
| १. | **खानेपानी** | पिउन, हात धुन र सरसफाइ गर्नका लागि सुधारिएको श्रोतबाट सबैलाई सुलभ रुपमा पानीको उपलब्धता भएको ☐ | विद्यालयमा पिउनका लागि शुद्धीकरण गरिएको पानीको व्यवस्था भएको, साथै वर्षमा कम्तिमा दुई पटक पानीको गुणस्तर परीक्षण गरी सुधार गरिएको ☐ | सबै बालबालिकाको पहुँच सहितको पिउन र सरसफाइका लागि सुरक्षित र पर्याप्त पानीको उपलब्धता (प्रतिव्यक्ति दैनिक १२ लि) भएको । ☐ |
| २. | **शौचालय** | छात्र तथा छात्राहरुका लागि चुकुल सहितका र अलग अलग सुधारिएका तथा सुचारु शौचालय, पालो पर्खिनु नपर्ने संख्यामा भएको ☐ | बाल, लैंगिक, अपांगता र वातावरणमैत्री यूरिनल र पानी सहितको धारा भएको सुधारिएको तथा सुचारु शौचालयको व्यवस्था भएको ☐ | • सुरक्षित स्थानमा बाल, लैंगिक, अपांगता र वातावरणमैत्री, बढीमा २५ छात्रा र ५० छात्रा बराबर एकको अनुपातमा, पर्याप्त पानी सहितको सुधारिएको तथा सुचारु शौचालय<br>• १:४ अनुपातमा शौचालय र मुत्रालय (यूरिनल) सुविधा, दिसा पिसावको सुरक्षित निकासको व्यवस्था मिलाइएको ☐ |
| ३. | **सफा, स्वच्छ र हरियाली वातावरण** | कक्षा कोठा र विद्यालय परिसरको नियमित सरसफाइ गरी ठोस फोहरलाई | • ठोस फोहरहरुलाई सिसा, धातुजन्य रसायनयुक्त नकुहिने र कुहिने गरी अलग अलग टोकरीमा संकलन गरी कम्तिमा | • सामग्रीहरुको प्रयोग घटनाउने, पुन:प्रयोग गर्ने र पुन:चक्रण (Recycle) को पद्धति लागू गरी सबै किसिमको फोहरको उचित व्यवस्थापन गरिएको |

| | | | | |
|---|---|---|---|---|
| | | टोकरीमा संकलन गरी समय समयमा विसर्जन गर्ने गरिएको, साथै विद्यालय सेवा क्षेत्रमा खुला दिसामुक्त अवस्था कायम रहेको ☐ | हप्तामा एक पटक विसर्जन गर्ने गरिएको<br>• परिसरभित्र बगैचाको व्यवस्थापन गरिएको<br>☐ | • विद्यालयभित्र उपयुक्त खाली जमिनमा वृक्षारोपण गरिएको र करेसाबारीको विकास गरिएको<br>☐ |
| ४. | **खानाको स्वच्छता** | विद्यालयमा विद्यार्थीले खाने दिवा खाजा सफा, स्वच्छ र ताजा भएको ☐ | • विद्यालयमा व्यवस्थित र सुरक्षित तवरले दिवा खाजा तयार गर्न भाँडावर्तन, अन्य सामग्रीहरु र भान्छा घरको सुविधा भएको<br>• पकाएको र नपकाएको खाद्य सामग्री छुट्टाछुट्टै राख्ने व्यवस्था भएको<br>☐ | • दक्ष व्यक्तिमार्फत दिवा खाजा तयार गर्ने व्यवस्था भएको<br>• तयार भएको खाजा उपयुक्त तापक्रममा सुरक्षित भण्डारण गर्ने व्यवस्था भएको<br>☐ |
| ५. | **स्वच्छता सुविधा** | हात धुने सामग्री (पानी र साबुन वा हात धुने जेल) सहित हातको स्वच्छता कायम राख्ने व्यवस्था भएको ☐ | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा सहित साबुन वा हात धुने जेल र पानीको नियमित व्यवस्था भएको ☐ | समूहमा साबुन पानीले हात धुने स्थायी सुविधा (बढीमा ५० विद्यार्थी बराबर एक धारा वा हात धुने स्टेशन) मा सबैको सहज पहुँच सहित प्रयोग भई नाली वा सोकपिट, बगैचा अथवा करेसाबारीमा पानीको निकासको व्यवस्था भएको ☐ |
| ६. | **स्वच्छता शिक्षा** | सबै कक्षामा स्वच्छता शिक्षा अध्ययन अध्यापन भैरहेको, पाँच कक्षादेखि महिनावारी स्वच्छता व्यवस्थापन पठनपाठन गर्ने गरिएको ☐ | विद्यार्थीहरुको व्यवहारिक र जीवनउपयोगी स्वच्छता शिक्षामा सक्रिय सहभागिता हुने गरेको<br>☐ | स्वास्थ्य तथा वातावरण विषयमा विद्यार्थीहरुको व्यक्तिगत सरसफाइ र स्वच्छता व्यवहार ( समूहमा हात धुने, व्यक्तिगत सरसफाइ र शौचालयको सरसफाइ गर्ने) का आधारमा अंक दिने पद्धतिको अवलम्वन गरिएको ☐ |
| ७. | **महिनावारी स्वच्छता व्यवस्थापन सुविधा** | महिनावारी सामग्री व्यवस्थापनका लागि छात्रा शौचालयहरुमा ढकन सहितको | आकस्मिक अवस्थाका लागि सहज रुपमा महिनावारी व्यवस्थापन सामग्रीको उपलब्धता र प्रयोग गरिएका सेनिटरी प्याड लगायतका सामग्रीहरुको | छात्राहरुले पुन: प्रयोग गर्ने महिनावारी व्यवस्थापनका सामग्री तयार वा प्रयोग गर्ने सीप सिकी वा स्वस्थकर महिनावारी सामग्री प्रयोगमा ल्याएका र महिनावारी स्वच्छता |

| | | | | |
|---|---|---|---|---|
| | | टोकरी वा व्यवस्थित भाँडो (Waste Bin) राखिएको ☐ | सुरक्षित रुपमा संकलन, व्यवस्थापन र विसर्जन (Burial or Burning) गर्ने गरिएको ☐ | सुविधाहरु सञ्चालनमा रहेको ☐ |
| ८. | **संस्थागत व्यवस्था र दिगोपन** | बाल क्लब, महिनावारी स्वच्छता व्यवस्थापन सरोकार समूह र विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता समन्वय समिति गठन भएको ☐ | • विद्यालयमा क्लब र समिति गठन भई क्रियाशील रहेको<br>• विद्यालय सुधार योजनामा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना समावेश भई कार्यान्वयनमा ल्याइएको ☐ | • विद्यालयमा क्लब र समितिहरु क्रियाशील रहेको<br>• विद्यालयमा सरसफाइ योजना कार्यान्वयनमा रहेको, विद्यालय सुधार योजनामा पूर्ण सरसफाइ समावेश भै कार्यन्वयनमा रहेको<br>• नियमित मर्मतसम्भारका लागि मर्मतसम्भार कोष, सीप र औजारहरुको व्यवस्था भएको<br>• नियमित रुपमा तालिका अनुसार शौचालय, पानी ट्यांकी वा प्रणाली, फिल्टर र हात धुने ठाउँको सरसफाइ गर्ने गरिएको ☐ |
| ९. | **विपद् जोखिम व्यवस्थापन** | शिक्षक तथा विद्यार्थीहरुलाई विपद् जोखिम न्यूनीकरण सम्बन्धमा क्षमता विकास गरिएका (कम्तिमा एक दिनको अभिमुखीकरण भएको) ☐ | • खानेपानी, सरसफाइ तथा स्वच्छता समेतको विपद् पूर्व तयारी र प्रतिकार्य योजना तयार गरिएको<br>• जोखिम नक्सांकन तयार गरी सबैले देख्ने स्थानमा टाँगिएको ☐ | • खानेपानी, सरसफाइ तथा स्वच्छताका संरचनाहरु नेपाल सरकारको स्वीकृत मापदण्ड (विपद् जोखिम न्यूनीकरण) अनुसार निर्माण भएको<br>• आकस्मिक अवस्थामा खोज तथा उद्धार गर्ने टोली गठन गरी सीप सिकाइएको ☐ |
| १०. | **अनुगमन तथा जवाफदेहिता** | खानेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छताका लागि सम्पर्क शिक्षक वा स्वास्थ्य कार्यकर्ता वा विद्यालय नर्सको व्यवस्था भएको ☐ | खनेपानी, सरसफाइ तथा स्वच्छता र महिनावारी स्वच्छता सम्पर्क शिक्षकको गिाउँनीमा दैनिक रुपमा शौचालयको सफाइ र साबुन पानीले हात धुने गरिएको ☐ | विद्यालयमा पर्याप्त पाठ्य र श्रव्य दृष्य सामग्री सहितको खानेपानी, सरसफाइ तथा स्वच्छता कर्नर (WASH Resource Corner) सञ्चालनमा रहेको, कम्तिमा पनि वर्षको तीन पटक सबै सूचकको स्वअनुगमन गरी विवरण स्वच्छता कर्नरमा अद्यावधिक गर्ने गरिएको ☐ |

## अनुसूची ३ :

## स्वमूल्यांकनको विश्लेषणका आधारमा स्तरोन्नतिका लागि कार्ययोजनाको ढाँचा

विद्यालयको नाम : ............................ विद्यालय कोड नं. : ........... मिति :..............

प्रदेश.......... जिल्ला : ............... स्थानीय तह : ........................ वडा नं. ............

| सूचकहरु | सुधार गर्नुपर्ने कार्यहरु | | जिम्मेवारी | समयावधि | कैफियत |
|---|---|---|---|---|---|
| १ खानेपानी | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| २ शौचालय | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ३ सफा स्वच्छ र हरियाली वातावरण | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ४ खानाको स्वच्छता | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ५ स्वच्छता सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ६ स्वच्छता शिक्षा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ७ महिनावारी स्वच्छता व्यवस्थापन सुविधा | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ८ संस्थागत व्यवस्था र दिगोपन | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| ९ विपद् जोखिम व्यवस्थापन | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |
| १० अनुगमन तथा जवाफदेहिता | तारा १ | | | | |
| | तारा २ | | | | |
| | तारा ३ | | | | |

## समितिका सदस्यहरूको नाम, पद तथा हस्ताक्षर

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |
| ७. | | | |

मिति :

मरिण गाउँपालिका

# अनुसूची ४ :

## विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छता प्रवर्द्धनका लागि सात झण्डे अवधारणा अनुरुप अंक सहितको स्वअनुगमन तालिका

विद्यालयको नाम : ............................ विद्यालय कोड नं. : .......... मिति :.............

प्रदेश.......... जिल्ला : .............. स्थानीय तह : ....................... वडा नं. ...........

| सूचक र उपसूचकहरु | प्राप्तांक | प्रतिशत | कैफियत |
|---|---|---|---|
| **चर्पीको प्रयोग (२०)** | | | |
| छात्र छात्राका लागि अलग्गै चर्पी (५) | | | |
| छात्र छात्राका लागि अलग्गै यूरिनल (३) | | | |
| चर्पी र यूरिनल सफा गर्ने अभ्यास (२) | | | |
| पानीको पर्याप्तता (३) | | | |
| हातधुने स्थान(२) | | | |
| हातधुने सामग्री(३) | | | |
| गोपनियता र सुरक्षा(२) | | | |
| **कूल** | | | |
| **हात धुने बानी र व्यक्तिगत सरसफाइ (१०)** | | | |
| स्वच्छता शिक्षा(२) | | | |
| हात धुन अभ्यास (२) | | | |
| दाँत माझ्ने, नङ र कपाल काट्ने (२) | | | |
| कपडाको सफाइ (२) | | | |
| शरीर नुहाउने र अन्य सफाइ(२) | | | |
| **कूल** | | | |
| **महिनावारी सरसफाइ (१५)** | | | |
| विद्यालयमा महिनावारी सरसफाइ व्यवस्थापनका लागि अतिरिक्त समय व्यवस्थापन(३) | | | |
| महिनावारीको समयमा विद्यालयभित्र छोइछिटो हुने गरे गाउ˝को (३) | | | |
| उपयुक्त स्यानिटरी प्याडको प्रयोग (३) | | | |
| स्यानिटरी प्याडको विसर्जन (३) | | | |
| स्यानिटरी प्याडको उपलब्धता (३) | | | |
| **कूल** | | | |
| **खानेपानी, सरसफाइ तथा स्वच्छतामा समता (१०)** | | | |
| अपांगता भएका व्यक्तिहरुका लागि खानेपानीम ापहुँच (२) | | | |
| जात, धर्म, लिंग र अवस्थाका धारमा अविभेद (२) | | | |
| सबैका लागि र सधैंका लागि स्वच्छ पिउने पानी (२) | | | |
| सबैका लागि प्रयोगकर्तामैत्री चर्पीको प्रवन्ध (२) | | | |
| सरसफाइ सामग्रीमा सबैको पहुँच (२) | | | |
| **कूल** | | | |
| **सुरक्षित पानी (२०)** | | | |

| | | | |
|---|---|---|---|
| पानीको पर्याप्तता (८) | | | |
| पानीको श्रोतको सुरक्षा (३) | | | |
| खानेपानी सुरक्षा योजना लागू भएको (३) | | | |
| पानीको शुद्धीकरण गर्ने गरेको (४) | | | |
| पानी स्वीकार्य (२) | | | |
| **कूल** | | | |
| **सुरक्षित खाना (१५)** | | | |
| खाना वा खाजाको भाँडो सुरक्षित (२) | | | |
| खाना वा खाजा तताउने सुविधा(२) | | | |
| विद्यालयमा सफा र स्वच्छ खाजाको उपलब्धता (विद्यालयको तर्फबाट उपलब्ध गराउने या क्यान्टिन) (२) | | | |
| वरिपरी पत्रु खानाको विक्री वितरण नगर्ने गरिएको (२) | | | |
| खाना तयार गर्ने सामग्रीको स्वच्छता र सफाइ (३) | | | |
| खाना वा खाजा बनाउने ठाउँको सफाइ (२) | | | |
| खाना वा खाजा बनाउने भाँडाको सफाइ (२) | | | |
| **कूल** | | | |
| **वातावरणीय सरसफाइ (१०)** | | | |
| पर्याप्त डस्टबिनको व्यवस्था(२) | | | |
| कक्षा कोठाको सफाइ(२) | | | |
| ठोस फोहरको वर्गीकरण र व्यवस्थापन(२) | | | |
| बगैचा र खेल मैदानको व्यवस्थापन(२) | | | |
| तरल फोहर व्यवस्थापन(२) | | | |
| **कूल: १००** | | | |
| **कूलप्राप्तांक** | | | |

**द्रष्टव्य**

### विद्यालय सरसफाइ प्रवर्द्धनका लागि सात झण्डे अवधारणा

विद्यालय सरसफाइ प्रवर्द्धनका लागि सात झण्डे अवधारणा नेपाल सरकारले थालनी गरेको एक विधि हो । सात झण्डे अवधारणा अनुसार पनि विद्यालयलाई पूर्ण सरसफाइको अवस्थामा तीन तारा (***) मा पुर्‍याउने नै हो । विद्यालय खानेपानी, सरसफाइ तथा स्वच्छतामा तीन तारासम्म पुग्ने माध्यम सात झण्डे अवधारणा हो । त्यसैले, सात झण्डे अवधारणालाई कार्यान्वयनको पद्धति समेत भनिन्छ ।

सात झण्डे अवधारणा अनुसार विद्यालय खानेपानी, सरसफाइ र स्वच्छताका सात मुख्य सूचकलाई आधार मानिन्छ, जुन तपसिल बमोजिम रहेका छन् :

- चर्पीको प्रयोग
- हातधुने अभ्यास र व्यक्तिगत सरसफाइ तथा स्वच्छता
- महिनावारी सरसफाइ तथा स्वच्छता
- खानेपानी, सरसफाइ र स्वच्छतामा समता

- सुरक्षित पानी
- सुरक्षित खाना
- वातावरणीय सरसफाइ

यी सात सूचकका सात झण्डा तयार पारिन्छ । थालनीमा, विद्यालयमा सात झण्डा वा सात सूचकमा काम गर्ने सात वटा समिति गठन गरिन्छ । यसरी गठन गर्ने समितिको संयोजन विद्यार्थीहरुले नै गर्दछन् । सम्भव भएसम्म सातवटै समूहमा समूह शिक्षकको रुपमा एक एक जना शिक्षकले नेतृत्व गरेमा राम्रो हुन्छ ।

झण्डा राख्नुभन्दा अगाडि सात वटै क्षेत्रका उपसूचकको अवस्थाको आधारमा स्वमूल्यांकन गरी अंक दिइन्छ । यसरी अंक दिंदा सात वटै सूचकको कूल १०० अंकभारका आधारमा मूल्यांकन गरिन्छ ।

सात वटा झण्डा राख्नका लागि सात वटा डण्डी प्रयोग गरिन्छ । ती डण्डीमा तलदेखि माथि न्यूनतम १० देखि अधिकतम १०० सम्म हुनेगरी १० वटा चिनो लगाइन्छ । स्वमूल्यांकनका आधारमा त्यस सूचकले जति अंकभार प्राप्त गरेको छ, झण्डा त्यही उचाइमा राखिन्छ ।

झण्डा राख्ने दिनमा सात वटै समूहले आफ्नो झण्डाको उचाइलाई १०० मा पुऱ्याउनका लागि योजना समेत बनाएर सार्वजनिक गर्नुपर्ने हुन्छ भने सम्पूर्ण विद्यालय परिवारले सबै झण्डालाई उचाइमा पुऱ्याउनका लागि सामुहिक प्रतिवद्धता समेत गर्नुपर्ने हुन्छ ।

अनुसूची ४ मा दिइए अनुसार सात वटै सूचकको अंक जोड्दा कूल १०० प्राप्त हुने भए पनि, प्रत्येक सूचकको पूर्णांकको आधारमा जति प्रतिशत अंकभार प्राप्त भएको छ, सोही आधारमा झण्डाको उचाइ कायम गरिन्छ । उदाहरणका लागि, पहिलो सूचक **चर्पीको प्रयोग**मा कूल अंक २० भए पनि, प्राप्तांक १५ छ भने त्यो ७५ प्रतिशत हुन आउँछ, जसको आधारमा झण्डाको उचाइ तय गरिन्छ ।

आज्ञाले

ओम बहादुर दर्जी

प्रमुख प्रशासकीय अधिकृत